कटारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कटारी, उदयपुर ।

# विद्यालयको आर्थिक कारोवारको लेखापरीक्षण गर्न निवेदन पेश गर्ने आशयको

# सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/२९)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा १ र सोही दफाको उपदफा २ भ वमोजिम तथा श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आर्थिक प्रशासन शाखाको च. नं. २२८ मिति २०७५/०६/१५ को पत्र वमोजिम सामुदायीक विद्यालयको आय व्यायको लेखा अनुशासन कायम गर्ने प्रयोजनार्थ कटारी नगरपालिकाका अर्न्तगतका सामुदायिक विद्यालयहरूको आ. व. २०७५/०७६ र आ. व. २०७६/०७७ को सम्पुर्ण आर्थिक कारोबारको लेखा परीक्षण गर्नु पर्ने भएकाले इच्छुक मान्यताप्राप्त लेखापरीक्षक संस्थाहरूले तपसिल उल्लेखित कागजातहरू सहित मिति २०७७/०५/१४ गते भित्र यस नगरपालिकाको नाममा रा. बा. बैंक, कटारीमा रहेको खाता नं. २०५००३०१०१०००२ मा नगद रू. २,००० (अक्षेरी रू. दुई हजार मात्र) जम्मा गरी सो को सक्कल बैक भैचर वा कटारी नगरपालिकाको राजश्व शाखामा रकम बुझाई सो को नगदी रसिद संलग्न राखि निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिलः

१. लेखापरीक्षण ईजाजत प्रमाण पत्रको प्रतिलिपि

२. आ. व. २०७६/०७७ वा पछिल्लो आ. व. सम्मको लाईसेन्स नविकरण गरेको प्रतिलिपि

३. आ. व. २०७५/०७६ वा पछिल्लो आ. व. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि

५. नेपाल चटर्ड एकाउन्टेन् संस्था (ICAN) को आ. व. २०७७/०७८ वा पछिल्लो आ. व. सम्मको लेखा व्यावसायी निस्सा संलग्न गर्नुपर्ने ।

**प्रमुख प्रशासकीय अधिकृत**